प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्रदेश कार्यालय, प्रदेश नं. १

## इटहरी, सुनसरी

## प्रि–डिप्लोमा तहको वर्गिकृत (निशूल्क) छात्रवृत्ति कोटामा बैकल्पिक प्रशिक्षार्थीहरुको भर्ना सिफारिस सम्वन्धि अत्यन्त जरुरी सूचना ।

(प्रकाशित मिति : २०७८/०८/२०)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको प्रि–डिप्लोमा तहको मिति २०७८/०५/०२ गते र २०७८/०५/१९ मा पुनः प्रकाशित सूचना अनुसार यस प्रदेश भित्र संचालित आंगिक, टेक्स, साझेदारी र निजि स्तरका शिक्षण संस्थाहरुमा प्रि–डिप्लोमा तहमा संचालित विभिन्न कार्यक्रमहरुमा शैक्षिक सत्र २०७८/०७९ का लागि परिषद् परीक्षा नियन्त्रण कार्यालयको प्रि–डिप्लोमा तहको प्रवेश परीक्षा संचालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्वन्धि निर्देशिका २०७७ ( पहिलो संशोधन २०७८) अनुसार निशुल्क छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक प्रशिक्षार्थीहरुबाट परीक्षा नियन्त्रण कार्यालयले तोके बमोजिम निर्धारित मिति र समयभित्र **Online** फारम भरेका योग्य आवेदकहरुको परिषद् परीक्षा नियन्त्रण कार्यालयको भर्ना निर्देशिका बमोजिम शिक्षण संस्था समेत सिफारिस गरी वैकल्पिक सुचीमा परेका प्रशिक्षार्थीहरुको नतिजा प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । नतिजा प्रकाशन गर्ने क्रममा आवेदकहरुले अनलाईन पेश गरेको प्रमाणपत्रहरु फरक परि वा रितपूर्वकका कागजातहरु अपुग भई नतिजामा फरक पर्न गएमा सम्बन्धित आवेदक नै जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

साथै सिफारिस गरिएका पशिक्षार्थीहरुले यसै सूचनालाई आधार मानी नतिजा प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र मिति २०७८/०८/२० देखि २०७८/०८/२८ गते सम्म तोकिएको शिक्षण संस्थामा कार्यालय समयभित्र आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता वा जन्मदर्ता प्रमाण–पत्र, सरकारी/ सामुदायीक विद्यालय अध्ययन गरेको सिफारिस पत्र र लक्षित समुह छनौट भएको भए सो को सक्कल प्रमाणपत्रहरु तथा छात्रवृत्ति छनोटका लागि **Online** आवेदन भर्दा प्राप्त भएको प्रवेशपत्र सहित सिफारिस गरिएको शिक्षण संस्थामा भर्ना भइ सक्नुपर्नेछ । सम्वन्धित शिक्षण संस्थाहरुले यसै सूचनालाई आधार मानी शैक्षिक योग्यताको कागजात तथा सरकारी/सामुदायीक विद्यालय भएको प्रमाणित पत्र समेत हेरि भर्ना गराउनुहुन अनुरोध छ । तोकिएको मिति र समय भित्र भर्ना हुन नआई कोटा रिक्त रहे भर्ना हुन नआएको प्रशिक्षार्थीको नाम, अनुमति नं र लक्षित समुहको भए सो समुह समेत उल्लेख गरी ३ (तिन) दिन भित्र यस कार्यालयको ईमेल ठेगाना **infoctevtprov1@gmail.com** र सोको वोधार्थ परिषद्, परीक्षा नियन्त्रण कार्यालय **(oce.ctevt@gmail.com)** मा अनिवार्य रुपमा पठाउनुहुन समेत अनुरोध छ । तोकिएको मिति भित्र सिफारिस भएका प्रशिक्षार्थीहरु भर्ना हुन नगई उक्त समुहको सिट रिक्त रहन गएमा योग्यताक्रम अनुसार उर्त्तिण सूचिमा रहेका सोही समुहका प्रशिक्षार्थीहरुलाई यस कार्यालयबाट पूनः सिफारिस गरिने व्यहोरा समेत सम्वन्धित सबैमा जानकारी गराईन्छ ।

निर्देशक